# बिगु गाउँपालिका कार्यालय, लादुक,दोलखा

## मेसिनमेड ग्याबियन बक्स आपुर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७५/१२/२७ गते)

१)यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका मेसिनमेड ग्याबियन बक्स सप्लाई गर्न इच्छुक र ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित गरिएको मिति देखि १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फाराम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र र उत्पादक कम्पनी वा नेपालमा रहेको आधिकारिक बिक्रेताबाट दरभाउपत्रदातालाई प्राप्त Authorization letter प्रमाणित प्रतिलिपि र निवेदन दरभाउपत्र फाराम दस्तुर रु १०००। साथ पेश गरेपछि नियमानुसार दरभाउपत्र फाराम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट उपलब्ध गराइने छ । अथवा दरभाउपत्र दस्तुर यस कार्यालयको नाममा रहेको नेपाल ईन्भेष्टमेण्ट वैंक लिमिटेड, सिंगटी शाखा , दोलखामा रहेको संञ्चित खाता नं. ०६७०१०४०२५००५४ मा जम्मा गरी सो को भौचर पनि पेश गर्न सकिनेछ ।

३) दरभाउपत्र पेश गर्दा आफुले सप्लाई गर्न चाहेको दरभाउपत्र खरिद गरी बाहिर खाममा आपूर्ति गर्न चाहेको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।

४) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा आई दरभाउपत्र दर्ता गराउन सकिने छ ।

५) दरभाउपत्र फाराम साथ जमानत रकम यस कार्यालयको नाममा रहेको नेपाल ईन्भेष्टमेण्ट वैंक लिमिटेड, सिंगटी शाखा , दोलखामा धरौटी खाता नं. ०६७०१०४०२५००८५ मा जम्मा गरि सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिन म्याद भएको जमानी पत्र (विडवण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति भन्दा पछाडिको मितिको हुनपर्ने छ।

६) दर्ता हुन आएका सिलवन्दी फारमहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

७) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) दरभाउपत्र सम्वन्धी अन्य सर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९) अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ अनुसार हुनेछ ।

१०) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नम्बर ०४९६९१३५९ **वा मोवाइल नं.** ९८५१२४९२०६,९८५१२३८०६१ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ । कार्यालयको website : bigumun.gov.np मा पनि हेर्न सकिने छ ।

| **ठेक्का नं.** | **कामको विवरण** | **ल.ई. रकम (भ्याट बाहेक) रु.** | **जमानत रकम रु.** |
|---|---|---|---|
| BRM/SQB/Goods/DOLAKHA/01/2075-076 | Supply & Delivery of Machine made Gabion box | १७,२३,२१८।८६ | ४६,५००।०० |

प्रमुख प्रशासकीय अधिकृत